नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(जनशक्ति विकास तथा स्थानीय निकाय कर्मचारी अभिलेख शाखा)
फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- ०७३/७४
चलानी नं.:- 302

मितिः मितिः २०७४।०३।२८

विषयः आ.व. २०७३/७४ को सम्पत्ति विवरण सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
श्री .................. महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका (सबै),
श्री .................. गाउँपालिका (सबै)
श्री .................. समिति/आयोग/प्रतिष्ठान (सबै)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (१) को प्रयोजनको लागि तहाँ कार्यालय र अन्तर्गतका सम्पूर्ण निकायहरुका निर्वाचित पदाधिकारी तथा कार्यरत *निजामती सेवा तर्फका कर्मचारीहरु बाहेकका अन्य सम्पूर्ण कर्मचारीहरु (स्थायी, अस्थायी, करार र ज्यालादारी समेत)* को आ.व. २०७३/७४ को सम्पत्ति विवरणको सम्बन्धमा तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुले निर्वाचित भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको सम्पत्ति विवरण भरी आ-आफ्नो स्थानीय तहमा दर्ता गरी सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने ।

२. कार्यालयमा कार्यरत निजामती सेवाका कर्मचारीहरु बाहेकका सम्पूर्ण कर्मचारीहरूको सम्पत्ति विवरण छुट्टाछुट्टै खाम बाहिर अनिवार्य रूपमा देहायको विवरण उल्लेख गरेर सिलबन्दी गरी एकमुष्ट रुपमा कार्यालयको पत्र अनिवार्य संलग्न राखी २०७४ भाद्र २८ गते भित्र यस मन्त्रालयमा आइपुग्ने व्यवस्था मिलाउने ।

आ.व. ०७३/७४ को सम्पति विवरण

| | |
|---|---|
| क. नाम, थरः | घ. श्रेणी/तहः |
| ख. पद/दर्जाः | ङ. कार्यरत कार्यालयः |
| ग. सेवा/समूहः | च. मोबाइल नं.: |

३. सम्पत्ति विवरण बुझाउने तथा नबुझाउने कर्मचारीहरूको छुट्टाछुट्टै सूची तपसिल बमोजिमको ढाँचामा तयार गरी कार्यालय प्रमुखले प्रमाणित गरी अनिवार्य रूपमा सम्पत्ति विवरणसँगै संलग्न राखि पठाउने व्यवस्था मिलाउने।

*कुल कार्यरत कर्मचारीः*

सम्पत्ति विवरण बुझाउने कर्मचारीहरुको विवरणः

| सि.नं. | नाम | पद | सेवाको किसिम (स्थायी/अस्थायी/करार/ज्यालादारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

शाखा अधिकृत

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- ०७३।०७४

चलानी नं.:- ३०२

क्रमशः

सम्पत्ति विवरण नबुझाउने कर्मचारीहरुको विवरणः

| सि.नं. | नाम | पद | सेवाको किसिम (स्थायी/अस्थायी/करार/ज्यालादारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

४. सम्पत्ति विवरण बुझाउने अन्तिम मिति २०७४ भाद्र २८ गते भित्र मन्त्रालयमा सम्पत्ति विवरण प्राप्त हुन नआएमा वा सो भन्दा पछि प्राप्त हुन आउने सम्पत्ति विवरण नियमानुसार प्राप्त नभए सरह मानी त्यस्ता कर्मचारीहरूको नाम नामेसी राष्ट्रिय सतर्कता केन्द्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइने व्यहोरा समेत जानकारी गराईन्छ।

५. सम्पत्ति विवरणको फाराम यस मन्त्रालयको वेवसाईट www.mofald.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

..................
(आनन्द देव सुवेदी)
शाखा अधिकृत